पुर्वीचौकी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शिक्षा इकाई
सानागाउँ, डोटी

प्रमाणिकरण
०७४/१०/१५

आधारभुत तह कक्षा ८ को परिक्षा सञ्चालन कार्यविधि २०७४

**प्रस्तावना**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को ज आधारभुत तथा माध्यामिक शिक्षाको बुँदा नं. १४ बमोजिम आधारभुत तहको परिक्षा सञ्चालन , अनुगमन व्यवस्थापन गर्ने अधिकारको कार्यान्वयन गर्न आधारभुत तह कक्षा ८ को परिक्षा सञ्चालन कार्यविधि २०७४ तयार गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ**

यस कार्यविधिको नाम "आधारभुत तह कक्षा ८ को परीक्षा सञ्चालन कार्यविधि " रहेको छ ।

यो कार्यविधि तुरुन्त लागु हुनेछ

२. विषय प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यविधि " भन्नाले आधारभुत तह कक्षा ८ को परीक्षा सञ्चालन कार्यविधि २०७४ सम्झनु पर्दछ ।

ख.गाउँपालिका भन्नाले पुर्वीचौकी गाउँपालिका सम्झनुपर्दछ ।

ग. "अध्यक्ष र उपाध्यक्ष " भन्नाले गाउँ प्रमुख र उप प्रमुख सम्झनुपर्दछ ।

घ. " प्रमुख प्रशासकीय अधिकृत " भन्नाले पुर्वीचौकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

ङ. "समिति " भन्नाले कार्यविधिको बुदा नं. ३ अनुसार गठित समिति सम्झनु पर्दछ ।

च. " अध्यक्ष भन्नाले उक्त समितिको अध्यक्ष सम्झनुपर्दछ ।

छ. "सदस्य सचिव " भन्नाले उक्त समितिको सदस्य सचिव सम्झनु पर्दछ ।

ज. "सदस्य " भन्नाले उक्त समितिको अध्यक्ष, सदस्य सचिव र सदस्य समेतलाई सम्झनु पर्दछ ।

दिर्घराज जोशी
अध्यक्ष

झ. "तोकिएको वा तोकिए बमोजिम " भन्नाले यस कार्यविधि अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम पर्दछ ।

ञ. " विषय बिशेषज्ञ " भन्नाले सम्बन्धीत विषयमा विज्ञचा हासिल गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

ट. "आधारभुत तहको परीक्षा " भन्नाले आधारभुत तह कक्षा ८ को परीक्षालाई सम्झनु पर्दछ ।

ठ. "शिक्षा इकाइ " भन्नाले पुर्वीचौकी गाउँपालिका अर्न्तगत शिक्षा हेर्ने इकाइलाई सम्झनु पर्दछ ।

**३. आधारभुत तह उतीर्ण परीक्षाको सञ्चालन नियन्त्रण र व्यवस्थापन**

आधारभुत तअह उतिर्ण परीक्षाका् सञ्चालन नियन्त्रण र व्यवस्थापनका् लागि देहाय वमोजिमको आधारभुत तह उतिर्ण परीक्षा समिति रहनेछ ।

क. प्रमुख प्रशासकिय अधिकृत - अध्यक्ष

ख. गाउँपालिका भित्रका आधारभुत तह र माध्यमिक तहका विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुने गरी कम्तीमा एकजना महिला शिक्षक सहित प्रमुख प्रशासकीय अधिकृतले मनोनित गरेका तीनजना सदस्य ।

ग. गाउँपालिका कार्यालयको शिक्षा इकाइ हेर्ने प्रमुख - सदस्य सचिव

घ. परीक्षा समितिले गाउँपालिका अध्यक्ष र उपाध्यक्ष र सम्बन्धित विषयका बिशेषज्ञहरुलाई परीक्षा समितिको बैठकमा आमन्त्रीत गर्न सक्नेछ ।

ङ. परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

च. परीक्षा समितिको कार्यकाल दुई वर्षको हुनेछ ।

**४ आधारभुत तह उतीर्ण परीक्षा समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क परीक्षा परिचालन सम्बन्धमा नीति निर्धारण गर्ने ।

ख परीक्षा केन्द्र तोक्ने ।

ग विद्यालयहरुलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने ।

घ परीक्षाफल प्रकाशित गराउने तथा उतीर्ण परीक्षार्थीहरुलाई प्रमाण पत्र दिने ।

ङ संस्थागत विद्यालयको परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने ।

दिर्घराज बोगटी
अध्यक्ष

दिर्घराज बोगटी
अध्यक्ष

च कुनै परीक्षाकेन्द्रमा अनियमितता भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षाकेन्द्र बन्द गर्ने ।

छ दैबी प्रकोप वा अन्य कुनै कारणवाट निरधारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा परेमा तुरुन्तै आवश्यक निर्णय लिने ।

ज **गाउँपालिका** तोकेबमोजिमका अन्य काम गर्ने ।

झ बुँदा नं। ४ को घ बमोजिम प्रमाण पत्र दिँदा परीक्षा समितिले बिषयगत उतीर्ण पद्धती(~~[illegible]~~ subject wise pass system) अवलम्बन गरी जतिवटा बिषयमा विद्यार्थी उतीर्ण भएको हुन्छ, त्यतीवटा विषयको मात्र प्रमाण पत्र दिनेछ

ञ परीक्षा समितिले बुँदा नं। ४ बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केहि अधिकार उप समिति वा कार्यटोली वा कुनै अधिकारीलाई सुम्पन सक्नेछ ।

दिर्घराज बोगटी
अध्यक्ष